का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २५०
- १४ कात्तिक २०७८, आइतबार
- 31 October 2021, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।




# प्रचण्डको छटपटी !

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ कात्तिक

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनता समाजवादी पार्टी (जसपा) लाई पार्टी एकताको प्रस्ताव गरेका छन् । सर्लाहीमा शनिबार आयोजित सभामा प्रचण्डले एकताको प्रस्ताव गरेका हुन् । गठबन्धन गरिसकेकाले प्रचण्डले एकताको प्रस्ताव गरे । "ढिलो नगरौं । तपाइँहरुलाई चाहने अधिकार र सम्मान हामी दिन्छौं", प्रचण्डले भने । कृषि मन्त्री रहेका नेता महेन्द्र राय यादव समेत सहभागी कार्यक्रममा प्रचण्डले क्षेत्रीय पार्टी बनेर नबस्न आग्रह गरे । "महेन्द्रजीलाई पनि भन्छु पार्टी एकता गरौं, ढुक्कै", प्रचण्डले भने । मधेशको अधिकार प्राप्तिमा माओवादी प्रतिबद्ध रहेको पनि बताए । महन्थ ठाकुर र राजेन्द्र महतोले केपी शर्मा ओलीलाई साथ दिएकाले पनि मधेशको मित्र नरहेको बताए । उनले माओवादीमय मधेश भए मात्रै अधिकार प्राप्त हुने बताए ।

माओवादी र जसपा दुवै सत्ता साझेदार दल हुन् । माओवादी र जसपा एजेण्डाले समेत निकट छन् । मुख्यगरी बितेको वर्षदेखि एउटै राजनीतिक लाइनमा यी दुई दल उभिएका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीका हैसियतमा दुई पटक संसद् विघटन गर्दा यी दुवै दल सडक विद्रोहमा उत्रिएको थियो । गएको ७ जेठमा संसद् भंग भएपछि यस विरुद्ध सर्वोच्च अदालतमा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन माग गर्दै रिट दायर गरेका थिए ।

संसद् पुनर्स्थापना पछि देउवा प्रधानमन्त्री बने । यी दुई दल सत्ता साझेदार छन् । माओवादी र जसपासँगै नेकपा (एकीकृत समाजवादी) पनि



> नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजन र एकता प्रक्रिया भंग भएसँगै तेस्रो दलको नेता बन्न पुगेका पुष्पकमल दाहाल प्रचण्ड, नेकपा (एकीकृत समाजवादी पार्टी) र जनता समाजवादी पार्टी (जसपा) सँग एकता गर्न सके संसद्कै ठूलो दल बनाउन सकिने बुझाइ र प्रयत्नमा देखिन्छन् ।

सत्ता साझेदार दल हुन् । यी दुई दलसँगै संसद् जोगाउन भन्दै एकीकृत समाजवादी एमालेबाट अलग भएर बनेको दल हो । प्रचण्डले एकीकृत समाजवादीलाई एकताको पहल गरिरहेका छन् । तर सार्वजनिक प्रस्ताव भने राखेका छैनन् । एकता गर्ने पार्टी निर्णय भने गरिसकेका छन् ।

तर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भने माओवादीसँग एकता नहुने बताउँदै आएका छन् । तर अध्यक्ष नेपालले पनि आगामी निर्वाचनमा गठबन्धन हुने बताइरहेका छन् । निर्वाचनमा गठबन्धनको वकालत माओवादी र एकीकृत समाजवादी दुवै दलका नेताहरुले गरिरहेका छन् । एमालेसँग एकता गरेर फेरि माओवादी नै बनेका प्रचण्ड भने एकताकै प्रयत्नमा छन् । ३ जेठ २०७५ मा एमाले र माओवादी बीच एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको थियो । नेकपा आन्तरिक कलह व्यवस्थापन गर्न नसकेपछि विभाजित भयो । अदालतले नेकपाको एकता प्रक्रिया नै भंग गरिदियो । अहिले एमाले र माओवादी केन्द्र बनेको छ ।

त्यसैले प्रचण्ड माओवादी, एकीकृत समाजवादी र जसपा बीच एकता गर्ने मनसायमा देखिन्छन् । त्यसो हुँदा संसद्कै ठूलो दल बन्ने र आगामी निर्वाचनमा समेत पार्टीको आकार बढ्ने बुझाइ प्रचण्डमा देखिन्छ । संसद्मा माओवादीको ४९, एकीकृत समाजवादीको २३ र जसपाको १८ सांसद छन् भने एमालेसँग ९८ र काँग्रेससँग ६१ सांसद छन् । तर जसपामा भने माओवादी छोडेका बाबुराम भट्टराईको एउटा हिस्सा छ भने एमाले छोडेका उपेन्द्र यादव र अशोक राईहरु छन् । त्यसैले सजिलै एकता हुने संभावना देखिदैन । तर २०७० देखि तेस्रो दलको नेतामा खुम्चिदै आएका प्रचण्ड फेरि ठूलो पार्टीको नेता बन्ने मनोविज्ञानमा देखिन्छन् ।

# भूमिका भुलेका दलहरू



> मुलुकको सवैखाले समस्याको समाधान, आवश्यक नीति निर्माण र राय विमर्श गर्नुपर्ने राजनीतिक दल र व्यवस्थापिका संसद सर्वोच्च अदालतको समस्या निदानबारे गैरजिम्मेवार ढंगले प्रस्तुत हुन पुगेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ कात्तिक ।

सरकारको सिफारिसमा शुक्रबार संघीय संसद्को अधिवेशन अन्त्य भएको छ । गएको २८ असारमा सर्वोच्चले पुनर्स्थापना गरेको संसद् अधिवेशन सरकारले ३२ साउनमा पनि अन्त्य गरेको थियो । यसपछि दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर फेरि शुरु भयो । २३ भदौमा संसद् अधिवेशन शुरु भएको थियो ।

तर शुक्रबार संसद् अधिवेशन अन्त्य भयो । संसद् अधिवेशन यस्तो बेला अन्त्य भयो, जुन बेला मुलुक असहज परिस्थितिबाट गुज्रिरहेको छ । कोरोना महामारीबाट सिर्जित असामान्य परिस्थिति मात्रै नभएर बाढी, पहिरो र डुवानको प्रकोपले ठूलो धनजनको क्षति पुगेको छ । अझ सर्वोच्च अदालतको संकट गहिरिएको छ । प्रधानन्यायाशीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै सर्वोच्चका न्यायाधीशहरू अघोषित आन्दोलनमा उत्रिएका छन् । सोमबार देखि इजलास बस्न सकेको छैन । बाँकी पृष्ठ २ मा

# 'डाक्टर' पदबारे विवाद

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं १३ कात्तिक

डाक्टर अर्थात् चिकित्सक शब्द कसले लेख्ने भन्ने बारे नेपाल मेडिकल काउन्सिल र नेपाल आयुर्वेद चिकित्सक संघबीच विवाद उत्पन्न भएको छ । काउन्सिल चिकित्सकहरुको दर्ता, अनुगमन, निरिक्षण र कारवाही नेपाल सरकारको आधिकारिक निकाय हो भने संघ आयुर्वेद चिकित्सकहरुको साझा संस्था हो ।

काउन्सिलले गत बुधवार सूचना जारी गर्दै चिकित्सक शब्दको परिभाषा सार्वजनिक गरेपछि आयुर्वेद चिकित्सक संघले आपत्ती जनाएको छ । काउन्सिलका रजिष्ट्रार डा. कृष्णप्रसाद अधिकारीले जारी गरेको सूचनामा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ को परिभाषा (घ) 'चिकित्सक' भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली अन्तर्गत चिकित्सा शास्त्रमा स्नातकोपधि प्राप्त गरी सो सम्बन्धी व्यवसायमा लागेको व्यक्ति भएकाले र उसले मात्रा डाक्टर लेख्ने व्यवस्था रहेको उल्लेख गरिएको छ ।

सो सूचनामा आधुनिक औषधि सम्बन्धि चिकित्साको काम गर्ने हेतुले आफूले नपाएको आधुनिक औषधि सम्बन्धि डिग्री, डिप्लोमा, सर्टिफिकेट, लाइसेन्स वा उपाधि आफ्नो नामसँग जोडी लेख्न वा लेख्न लगाउन नहुने भएकोले काउन्सिलमा चिकित्सकको रुपमा




दर्ता नभएका व्यक्तिले डाक्टर लेख्नु वा प्रयोग गर्नु गैर कानुनी हुने उल्लेख छ ।

सो सूचना जारी भएपछि नेपाल आयुर्वेद चिकित्सक संघले त्यसप्रति आपत्ति जनाएको छ । संघले 'मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विज्ञानमा आयुर्वेदाचार्य वा वैद्यरत्न वा आयुर्वेद स्नातक वा सो सरह उत्तीर्ण' भन्ने व्यवस्था अनुरुप आयुर्वेद स्नातक र सो भन्दा माथिको आयुर्वेदको शैक्षिक योग्यता भएको र आयुर्वेद चिकित्सा परिषद नेपालमा दर्ता भएका व्यक्तिहरु चिकित्सक भएको र अंग्रेजीमा डाक्टर भनिने उल्लेख गर्दै मेडिकल काउन्सिलले भ्रम सृजना गर्न खोजेको आरोप लगाएको छ । संघका अध्ध्यक्ष संघका अध्यक्ष डा प्रकाश ज्ञवालीले आयुर्वेद चिकित्सा ऐनको परिच्छेद-४, दफा ४.२ चिकित्सकको योग्यता सम्बन्धि थप व्यवस्था रहेको उल्लेख गर्दै मेडिकल काउन्सिलले अहिले अनावश्यक विवाद सृजना गर्न खोजेको बताएका छन् ।

संघले आयुर्वेद चिकित्सा परिषद नेपाललाई यस विषयमा थप स्पष्ट पार्न आग्रह गर्दै मेडिकल काउन्सिललाई आयुर्वेद चिकित्सकहरुको हैसियतबारे स्पष्ट पार्न अनुरोध गरेको छ । संघका पदाधिकारीहरुका यसबारेमा काउन्सिलले थप स्पष्ट नपारेमा वा आयुर्वेद चिकित्सकहरुको हैसियतमाथि प्रश्न उठाइरहे अदालतमा उजुरी दिने तयारीसमेत भैरहेको छ । 'यो विषय सामान्य होइन, हाम्रो योग्यता र हैसियतसंग सम्वन्धित विषय भएकोले हामी चुप लागेर बस्नै कुरै हुंदैन' संघका एक पदाधिकारीले मध्यान्ह दैनिकसंग भने । उनका अनुसार पहिले आयुर्वेद चिकित्सा परिषद्को नेतृत्वमा मेडिकल काउन्सिलसँग बसेर समस्या समाधान गर्ने प्रयास गरिनेछ । त्यति गर्दा पनि काउन्सिलले नमाने कानुनी उपचार खोजिनेछ ।

# मलेसियामा नयाँ मागपत्र प्रमाणीकरण शुरू भएको छैन : दूतावास

**राम प्रसाद सुवेदी संगम/मध्यान्ह**
मलेसिया, १३ कात्तिक

मलेसियास्थित नेपाली दूतावासले वैदेशिक रोजगारीका लागि नयाँ मागपत्र प्रमाणीकरण सुचारु नभएको बताएको छ । कोरोना भाइरस महामारीका कारण मलेसियाले नेपालीसहित विदेशी कामदारको प्रवेशमा लगाएको प्रतिबन्ध हटाइएको बताएपछि लामो समयदेखि बन्द रहेको मलेसियाको रोजगारी खुला भएको आंकलन गरिएको थियो । नेपालस्थित मलेसियन दूतावासले पनि शुक्रबार विज्ञप्तिमार्फत नेपाली कामदारका लागि पनि मलेसिया खुला भएको जानकारी दिएको थियो ।

तर मलेसियास्थित नेपाली दूतावासका द्वितीय सचिव प्रदीप कार्कीले नयाँ डिमाण्ड प्रमाणीकरण शुरू भएको नभई रोजगारीका लागि मलेसियामा जान भिसा अवधि बाँकी रहेका कामदारका लागि मात्र खुला भएको जानकारी दिएका छन् । द्वितीय सचिव कार्कीले नयाँ मागपत्र प्रमाणीकरणको प्रक्रिया शुरू गरिएपछि दूतावासले वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सुचना व्यवस्थापन प्रणाली (फेमिस) मार्फत वैदेशिक रोजगार व्यवसायीहरूलाई जानकारी दिइने विज्ञप्तिमा उल्लेख गरेका छन् ।

कोरोना महामारी आउनु अघि सञ्चालनमा रहेकामध्ये आधाभन्दा बढी म्यानपावर कम्पनीले मलेसिया कामदार पठाउने गरेका थिए । हाल बन्द प्रायः रहेका म्यानपावर कम्पनी मलेसिया रोजगारी खुलेको समाचारसँगै सक्रिय भने देखिन थालेका छन् ।

मलेसिया प्रवेशका लागि भिसा भएको कामदारको पीसीआर नेगेटिभ रिपोर्ट अनिवार्य गरिएको छ भने मलेसिया पुगेपछि तोकिएको स्वास्थ्य मापदण्ड पालना गरी क्वारेन्टिनमा बस्नुपर्ने छ । दूतावासले मलेसिया जाँदा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मान्यता दिएको खोपको पूरा मात्रा लगाएको हुनुपर्ने शर्त राखेको छ । मलेसियामा बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### विदेश जाँदा ऋण, गाउँमै पशुपालनबाट सन्तुष्टि

**गलकोट/रासस-** पछिल्लो समय युवा वैदेशिक रोजगारमा जानेको संख्या बढ्दै गइरहेका बेला स्वदेश फर्केर व्यावसायिक उत्पादनमा लाग्ने युवाको संख्या बढ्दो छ । करिब दुई वर्ष दुबईमा काम गरी घर फर्किएका बागलुङ नगरपालिका-८ सिगानाका टीकाबहादुर क्षत्रीले रु १७ लाख लगानीमा एक वर्षअघिदेखि गाउँमै लक्ष्मी पशु कृषि फार्म सञ्चालन गरेका थिए । २५ वर्षका क्षत्रीले विदेश बसाईपश्चात् आफ्नै गाउँ ठाउँमा केही गरौं भन्ने सोच लिएर व्यावसायिक काम आरम्भ गरेको बताउँछन् ।

'१२ कक्षा पास गरी दुबई पैसा कमाउने सपना बोकेर गएको थिए, तर त्यहाँ जाँदा लागेको ऋणसमेत तिर्न सकिनँ,' क्षत्रीले भने, 'विदेश गएपछि बल्ल महसुस भयो कि विदेशमा गर्ने दुःख आफ्नै ठाउँमा गरे यही धेरै राम्रो गर्न सकिन्छ, विदेश गएको ऋणसमेत बाँकी पृष्ठ २ मा

# इटहरीमा ट्राफिक नियम पालना शून्य

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १३ कात्तिक

इटहरीबाट भाटभटेनीतर्फ हुइकिएको एक सफारीलाइ गत बिहीबार मालबाहक ट्रकले ठक्कर दिँदा सफारीमा सवार ३ जना मध्ये २ जना घाइते भए। दुर्घटना इटहरीको मुख्य चौक अन्तर्गत पश्चिम दिशातर्फ बनाइएको जेब्रा क्रसिङमा भएको थियो । त्यस्तै शनिबारको ४ प ३१६२ नं को मोटरसाइकलले इटहरी ३ का सुमन न्यौपानेलाई ठक्कर दिँदा न्यौपाने घाइते भए। जेब्राक्रसबाट बाटो काट्ने क्रममा उनलाई मोटरसाइकलले ठक्कर दिएको थियो । ठक्करबाट उनी सामान्य घाइते बनेका छन् ।

दुर्घटना न्यूनिकरण तथा सर्वसाधारणका लागि बाटो काट्न सहज होस् भन्ने उदेश्यले बनाइएको जेब्रा क्रसिङ पछिल्लो समय तीनै सर्वसाधरणहरूको लागि काल बन्न थालेको छ। इटहरीमा गएको असोज १० गते देखि कात्तिक १० गते सम्मको दुर्घटना विवरण हेर्ने हो भने जेब्रा क्रसिङमा मात्रै ६ वटा सवारीहरू दुर्घटनामा परेका छन्। जसमा एक जनाको मृत्यु भएको छ भने ९ जना घाइते भएका छन्।



बडादशैंको अवधिभर भएको सवारी दुर्घटनाकै विवरण हेर्ने हो भने पनि इटहरी आसपास बनाइएको जेब्रा क्रशमा धेरैजसो दुर्घटनाहरू हुने गरेको पाइएको छ। बडादशैंको अवधिमा इटहरीभित्र १० वटा सवारी दुर्घटना भएका छन् । जसमा विभिन्न स्थानमा रहेका जेब्राक्रसिङमा ४ वटा दुर्घटना भएको प्रदेश एक ट्राफिक प्रहरी कार्यालय इटहरीले जनाएको छ । त्यस्तै गएको एक महिनाको अवधिमा इटहरीभित्रै २३ वटा सवार ीसाधनहरू दुर्घटना भएको देखिएको छ। इटहरीमा ट्राफिक सचेतनाको कमिसँगै नियम पालना गर्नेतर्फ कसैको ध्यान जान नसक्दा धेरैजसो सर्वसाधारणहरू जेब्रा क्रसिङमै अलमलिने गरेका छन् । मुख्य राजमार्गहरूमा बनाइएको जेब्रा क्रसिङबाटै सवारी चालकहरूले तीब्र गतिका साथ सवारी गुडाइदिँदा पैदलयात्रीहरू बाटो काट्ने क्रममा दुर्घटनामा पर्ने गरेका छन्। यति मात्र नभइ इटहरी क्षेत्रमा बनाइएका अधिकांश जेब्रा क्रसिङहरू अहिले देखिनै छाडेका छन्। जसका कारण पैदलयात्रीहरू प्रत्यक्ष मर्कामा पर्ने गरेका छन् । इटहरीको धरान लाइन, विराटनगर रोड र पूर्वलाइनमा जेब्राक्रसिङ मेटिएका हुन् ।

त्यस्तै ट्राफिक प्रहरीहरू २४ सैं घण्टा ड्युटीमा खटिएपनि सवारीहरूलाई ट्राफिक नियम पालना गराउनेतर्फ भने कसैको ध्यान जान सकेको छैन। इटहरीमा विगतको वर्षहरूमा पनि विभिन्न सामाजिक संस्थाहरूले ट्राफिक सचेतना सम्बन्धि कार्यक्रमहरू गर्दै आएकोमा पछिल्लो समय कोरोना कहरका कारण कुनै सचेतनाका कार्यक्रमहरु भएका छैनन्। ट्राफिक प्रहरीले पनि सवारी चालकहरूलाई राखेर जेब्रा क्रसिङ साथै विभिन्न नियमहरूको बारेमा सचेतना जगाउन नसक्दा इटहरीमा सवारी चालकहरूको लापरबाही बढ्दै गएको पाइएको छ ।

यता प्रदेश एक ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक सुमन तिम्सिनाका अनुसार इटहरीमा मात्र नभइ प्रदेश एकका विभिन्न जिल्लाहरूमा अहिले पनि ट्राफिक नियम पालना भइरहेको दाबी गरेका छन् ।

प्रदेश एकको धेरै जसो दुर्घटना हुने क्षेत्रहरू सुनसरी , मोरङ र झापामा सम्बन्धित प्रहरी कार्यालयका प्रमुखहरूकै उपस्थितिमा टाफिक सचेतना गराइने गरेको पनि डिएसपी तिम्सिनाले दाबी गरेका छन्।

# पाल्पामा नेकपा एसको विभागीय संयोजक तोकियो

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, १३ कात्तिक

नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजवादीको जिल्ला कमिटी बैठक तानसेनमा सकिएको छ ।

जिल्ला कमिटीका अध्यक्ष कमल पाण्डेयको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पार्टीका केन्द्रीय पोलिट व्यूरो सदस्य सोमप्रसाद पाण्डेय रहेका थिए ।

प्रमुख अतिथि पाण्डेयले कम्युनिष्ट आन्दोलन बचाउन सबै लाग्नुपर्ने बताउँदै सामाजिक क्षेत्रका विकासका कामहरु द्रुत गतिमा अगाडी बढाउनुपर्नेमा जोड दिए ।

बैठकले विभिन्न गाउँपालिका, नगरपालिका, पालिका विभागहरुमा जिम्मेवारी तोकेको छ ।

रामपुर नगरपालिकामा इन्चार्ज विनोद श्रेष्ठ, सहइन्चार्ज फणेश्वर गौतम, निस्दीमा इन्चार्ज कमल सेन, बगनासकाली गाउँपालिकामा कमल पाण्डेय, तानसेन नगरपालिकामा मोहनलाल गैरे, माथागढीमा करुणा काफ्ले, पूर्वखोलामा दुर्गा अधिकारी, रम्भामा इश्वरी श्रेष्ठ, तिनाउमा अरबिन्द्र पाण्डेय, रिब्दिकोटमा हिमाल पाण्डेय र रैनादेवी छहरामा पूर्ण भण्डारीलाई पालिका इन्चार्जको जिम्मेवारी दिइएको छ। युवा विभाग जिल्ला संयोजकमा करुणा काफ्ले, खेलकुल विभाग संयोजकमा कमल सेन, महिला विभाग संयोजकमा गोदावरी ज्ञवाली, प्रचार प्रसार विभागमा पदम गैरे, उद्योग तथा वाणिज्य विभाग संयोजकमा परशुराम पौडेल, बुद्धिजीवी संयोजकमा कृष्णप्रसाद पाण्डेय, शिक्षा विभाग संयोजकमा मिनप्रसाद बन्जाडे, कृषि विभाग संयोजकमा ध्रुव भण्डारी, स्थानीय तह विभाग संयोजकमा पूर्णबहादुर सिंजाली, कार्यालय विभाग संयोजकमा जगन्नाथ आचार्यलाई तोकिएको प्रचार प्रसार विभागका संयोजक पदम गैरेले जानकारी दिएका छन् ।

जिल्ला कमिटी सदस्यमा ९६ जना कमिटी रहेका छन् । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य राजेन्द्रलक्ष्मी गैरे, केन्द्रीय सल्लाहकार सदस्य लेखनाथ पोखरेल, केन्द्रीय सल्लाहकार सदस्य पदम अर्याल, केन्द्रीय अनुशासन आयोग सदस्य कृष्ण कार्की, बुद्धिजीवी भेषराज पोखरेल लगायतले मन्तव्य राखेका थिए । पार्टीका जिल्ला उपसचिव कमल सेनको स्वागतबाट शुरु भएको कार्यक्रमको संचालन मोहनलाल गैरेले गरेका थिए ।

# नेपाल मगर संघ यूएई शाखामा नयाँ नेतृत्व

यूएई/मस- नेपाल मगर संघ यूएई शाखामा नयाँ नेतृत्व चयन भएको छ । शुक्रवार यूएईको दुवईस्थित बरदुवईको सिल्भर स्पुन नेपाली रेष्टुरेन्ट, हलमा उक्त शाखा,युएईको ११औं केन्द्रीय महाधिवेशनबाट सर्वसम्मतरुपमा भुवन थापा मगरको अध्यक्षमा १९ सदस्यीय कार्यसमिति चयन भएको हो ।

थापा मगर इनास दुबईका पूर्व अध्यक्ष, तनहूँ सेवा समाज यूएईका सचिब, मगर फिल्मका नायक, फिउजन ग्रुपका डान्सर टिचर, फोटो डिजाइनर र मोडलसमेत हुन् । उनी केन्द्रीय मगर समाज यूएईका केन्द्रीय सा'स्कृतिक बिभाग प्रमुख, सचिब र बरिष्ठ उपाध्यक्ष हुँदै हाल अध्यक्ष पदमा सर्बसम्मत भएका हुन् । कार्यसमितिका अन्य पदाधिकारीहरुमा बरिष्ठ उपाध्यक्ष मनु गाहा मगर-वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष राजेन्द्र थापा मगर, यमन घर्ती मगर, तारा रास्कोटी मगर, अनिता आले मगर (कन्चन), महासचिव नयन घर्ती मगर, सचिव चुमन सिंह दर्लामी मगर, कोषाध्यक्ष प्रदिप पुन मगर र प्रवक्ता सन्दिप राना मगर चयन



भएका छन् । यसैगरी कार्यसमिति सदस्यहरुमा रमेश पुलामी मगर, सुरेन्द्र गुर्माछान मगर, नवीन मगर, नेहा मगर, आरती दर्लामी मगर, मोति राना मगर, बिगाम्बर बुढा मगर, दिल बहादुर सारु(गोरे) मगर र गिता थापा मगर रहेका छन् ।

**भूमिका भुलेका...**

प्रधानन्यायाधीश जबराले इजलास तोक्ने, तर सुनुवाइ नहुने नियति लम्बिएको छ । अधिवक्ताहरुको छाता संस्था नेपाल बार एशोसिएशनले आन्दोलनकै घोषणा गरेको छ । प्रधानन्यायाधीशले राजीनामा नदिए १४ कात्तिकदेखि देशभर आन्दोलन गर्ने कार्यक्रम सार्वजनिक भएको छ। चार पूर्व प्रधानन्यायाधीशले संयुक्त बक्तव्य जारी गरेर प्रधानन्यायाधीश जबराले राजीनामा गर्नु उचित हुने सुझाव दिएका छन् ।

बरिष्ठ अधिवक्ताहरुले राजीनामा मागेका छन् । तर यसको बिपरीत प्रधानन्यायाधीश जबराले राजीनामा नगर्ने अडान लिएका छन् । उनले महाअभियोग लगाएर हटाउन चुनौती दिएका छन्। प्रधानन्यायाधीशको राजीनामा माग र राजीनामा नगर्ने अडानका कारण न्यायिक सम्पादन अवरुद्ध हुन पुगेको छ ।

यस्तो बेला संसद्मा सर्वोच्च अदालतबारे छलफल हुन जरुरी हुन्छ। तर सरकार र दलहरुले त्यो बाटो रोजेनन् । अदालतको विवाद भनेर पन्छिने प्रयत्नमा सरकार र सत्तारुढ गठबन्धनका नेताहरु देखिन्छन् । प्रधानमन्त्री शेबरहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले न्यायालयको समस्याबारे छलफल नै नभएको बताउँदै आएका छन् ।

विपक्षी दल नेकपा एमाले त प्रधानन्यायाधीश जबराको पक्षमा खुलेर लागेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओली र अन्य नेताहरुले पनि प्रधानन्यायाधीश जबराले राजीनामा दिन आवश्यक नरहेको बताइरहेका छन्। राजीनामा गर्ने हो भने प्रधानन्यायाधीश जबरासँगै अन्य न्यायाधीशहरुले पनि राजीनामा गर्नुपर्ने तर्क गरिरहेका छन् ।

यस्तै बेला प्रधानमन्त्री देउवा संसद् अधिवेशन अन्त्य गरेर विदेश भ्रमणमा निस्किएका छन् । २३ भदौदेखि संसद् अवरोध कायमै राखेको एमाले र सत्तारुढ दलहरु समेत संसद्मा अदालतबारे छलफल गर्ने अनि कुनै निकास दिने मनसायमा देखिदैनन् ।

**मलेसियामा...**

फाइजर, बायोनटेक, जोन्सन एण्ड जोन्सन लगायतका खोपलाई मान्यता दिएको छ। शनिबारसम्म २५ करोडले खोप लगाएएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

नेपाली कामदारको प्रमुख गन्तव्य मुलुक रहँदै आएको मलेसियामा हाल एक लाख ८० हजारको हाराहारीमा नेपाली कामदार कार्यरत रहेका छन् । कुनै समय यहा' ७ लाखभन्दा बढी नेपाली रहेको मानिन्थ्यो । नयाँ मागपत्र प्रमाणीकरण शुरू भएमा पहिलो वर्ष ठूलो संख्यामा कामदार जाने अपेक्षा गरिएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन्। मलेसियामा क्वारेण्टीन खर्च कति लाग्ने, कस्ले तिर्नै जस्ता विषयहरु यहाँको क्याबिनेटले निर्णय गर्नु पर्ने बताइएको छ ।

**विदेश जाादा...**

अब पशुपालनबाटै उकास्ने योजना छ ।'

त्यसपछि गाउँ आएर भैंसीपालन थालेको उनको भनाइ छ । 'अहिले गोठमा १६ वटा भैंसी छन्, पोखराबाट रु एक लाख ५० हजार देखि दुई लाखसम्म पैसा तिरेर ल्याइएका भैंसी छन्, अझै थप गर्ने योजना छ, मासिक रु ९० लाख आम्दानी हुन्छ, अहिलेसम्म लगानी नउठे पनि घाटा भने भएको छैन,' उनले भने ।

दैनिक ४० लिटर दूध बागलुङ बजारमा बिक्री गर्ने क्षत्री बताउँछन् । क्षत्री भन्छन्, 'अहिले गाउँ घरमा युवा युरोप अमेरिका जानेको लर्को छ, त्यो लर्कोका कुरा सुन्ने र देख्ने मेरा घरका परिवारलाई मैले गाउँमै आएर पशुपालन गर्छु भनेर कुरा राख्दा बुबाआमा र श्रीमती खुसी हुँदै स्वदेश फर्कने अनुमति दिनुभएको थियो ।'

विदेशबाट गाउँमा आएर रु १७ लाख ऋण लिएर काम शुरु गरेको क्षत्रीले बताए । अहिले उहाँको गोठमा १६ वटा भैंसी छ। गोलभँडा खेती लगाइएको छ। गोठको काम गर्न बुबा मानबहादुर र श्रीमती देवीले सघाएकी छन् । करिब ३० रोपनी जग्गा भाडामा लिएर फार्म र भैंसीका लागी घाँस रोपेको क्षत्रीले बताए। आगामी दिनमा कृषिलाई पनि अगाडि बढाउने र गाउँका युवालाई रोजगार दिने योजना उनको छ । अहिलेसम्म पालिका र वडाबाट कुनै अनुदान नलिएरै अगाडि बढेको क्षत्री बताउझछन्। पालिका र वडाबाट युवा लक्षित कार्यक्रम गाउँ-गाउँमा ल्याउने हो भने युवा विदेश पलायनबाट रोक्न सकिने क्षत्री बताउँछन् ।


**बार्षिक साधारण सभा सम्वन्धि सूचना**

यस विश्वरुप वचत तथा ऋण सहकारी संस्था लिं को १३औं बार्षिक साधारण सभा निम्न मिति र स्थानमा हुने भएकोले यस संस्थाका सम्पुर्ण शेयर सदस्य माहानुभावहरुमा उपस्थितिको लागी यो सुचना प्रकाशित गरिको छ ।

**स्थानः- जुम क्याफे, चाबाहिल हस्पितल मार्ग ।**
**मितिः- २०७८/८/११ गते शनिवार**
**समयः-विहान ९:०० वजे**

**विश्वरुप वचत तथा ऋण सहकारी संस्था लिं**
**फोन नं ४५८३५९६**

VACANCY ANNOUNCEMENT

RECEPTIONIST
- LADIES-1
BASIC COMPUTER SKILL WITH SOFT VOCAL TONE

DOCUMENTATION
- QUALIFICATIONS:
(ADVANCE COMPUTER SKILL)
MINIMUM ONE YEAR EXPERIENCE IN THE RELATED FIELD)

OFFICE HELPER -1
- SALARY -NEGOTIABLE

**AASHIN OVERSEAS PVT. LTD.**
Shakti Vinayak Marg, Sinamangal, Nepal **Tel** :- +977-1-5902036, **Fax** :- +977-1-5902037
**E-mail**:- aashin.oversea123@gmail.com, **Website**:- www.aashinoverseas.com.np

**बहराइनमा रोजगार** | १. कम्पनी : CLAY HOUSE SERVICE W.L.L शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०७/०२ चलानी नं.: ६०१६६५९३ L.T. No.: 248814

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 25 | 0 | स. काममा दक्ष | 100 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ARLA FOODS WLL शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०७/०८ चलानी नं.: ६०१६६५९४ L.T. No.: 249205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | operator mechanical machinery general | 25 | 0 | स. काममा दक्ष | 252.38 | ८०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २१ गते (7 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को निःशुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No. : 1261/074/75
**EASY OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Tel.:01-4016539
9851176605, 9849124498, 9849991143, Pokhara :9802855070

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०७/१४
यस कम्पनीको मिति २०७७/०९/२१ मा सम्पन्न एकल शेयर धनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल मल्टिपर्पोज इन्भेष्टमेन्ट नेटवर्क प्रा.लि. (प्रा.लि. नं. १३७३६५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्लोबल मल्टिपर्पोज इन्भेष्टमेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# Mudkechula Rural Municipality

## Office of the Rural Municipal Executive

**Narku Dolpa**
**Karnali Province**

**Invitation for Bids**

**First Date of publication: 2078/07/14(2021/oct/31)**

1. Mudkechula Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidder under National Competitive Bidding procedures.***(Eligibility Criteria is as stated in Evaluation & Eligibility Criteria and Worked experience Section III of Bid document.)***

| Contract Id | Description of Work | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| MRM/NCB/ WORKS/078-079/01 | Sarmi Health Post Building constructions-07 | 3555999.05 | 102000 | 3000 |
| MRM/NCB/ WORKS/078-079/02 | Ela Ward Level Health Post Building Constructions | 3556054.21 | 102000 | 3000 |
| MRM/NCB/ WORKS/078-079/03 | Thargad Residential Building Constructions | 2951120.17 | 88000 | 3000 |
| MRM/NCB/ WORKS/078-079/04 | Kalika Ma.Bi Hostel Building Constructions-02 | 3520375.12 | 102000 | 3000 |
| MRM/NCB/ WORKS/078-079/05 | Ratapani to Horta Khola Road constructions | 9254665.77 | 277000 | 3000 |
| MRM/NCB/ WORKS/078-079/06 | Sarmi to Ghureli Road Constructions | 9152927.28 | 274000 | 3000 |

3. Documents at the Mudkechula Rural Municipality, Narku Dolpa. Or Visit website of office at www.Mudkechulamun.gov.np, email: ito.mudkechulamun@gmail.com phone: 9846605961 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder have only option to submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank: Ra.Ba Bank Ela, Dolpa**
**Name of Office: Mudkechula Rural Municipality**
**आन्तरिक राजश्व खाता.**: 4520100301010002

(a) Pre-bid meeting shall be not held.
(b) electronic bids must be submitted to the office Mudkechula Rural Municipality, Dolpa through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 Noon on 2078/01/30 (2021/May/13). Bids received after this deadline will be rejected.
(c) The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 pm on 2078/01/30 ( 2021/May/13) at the Office of Mudkechula Rural Municipality, Dolpa. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format in case of e-bid, The Bid security amount which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

**Name of the Bank: Ra.Ba Bank Ela, Dolpa**
**Name of Office: Dolpa Rural Municipality**
**धरौटी खाता नं. : 4520100303000002**

(d) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
(e) Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities.
(iv) The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

# जनप्रतिनिधि र प्रहरीको मिलेमतोमा बालुवा तस्करी

**दिवश ढकाल/मध्यान्ह**
नुवाकोट, १३ कात्तिक



नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित गल्छी-त्रिशुली सडकखण्डको बेलकोटगढी नगरपालिका-७ को २६ काललला भन्ने ठाउँमा स्थानीय वडा कार्यालयको सिफारिसमा प्राकृतिक दोहन भइरहेको छ ।

घडेरी खार्ने भन्दै स्थानीयलाई जथाभावी सिफारिस बनाएर लाखौंको राजश्व उठ्ने बालुवाजन्य सामग्री कर छलि गर्दै बेलकोट गढी नगरपालिका-७ का वडाध्यक्ष हेकनिधि नेपाल र स्थानीय प्रहरी चौकीका प्रहरी नायब निरीक्षक (सइ) दिपेन्द्र चौधरीसहित भएर बालुवा तस्करी गरेको पुष्टि भएको हो ।

उक्त स्थानमा व्यक्तिगत र सार्वजनिक जग्गासमेत मिचेर उत्खनन् भइरहेको स्वयं वडाध्यक्ष नेपालले बताएका छन् । वातावरण प्रभाव मुल्याङ्कन बिना नै वडाध्यक्ष नेपालको संरक्षण र सइ चौधरीको मान्छे आए नआएको हेर्ने ड्युटीसहित रातको समयमा लुकिछिपि हुने गरेको उत्खननले राष्ट्रिय गौरवको गल्छी-त्रिशुली मैलुङ सडकखण्डलाई प्रभाव पारेको छ ।

देखावटी रुपमा सञ्चारमाध्यममा बारम्बार उक्त कार्य गलत भएको बताउँदै आएका वडाध्यक्ष नेपाल र सइ चौधरी दुबैले सो तस्करी रोक्न भने सकेका छैनन् ।

स्थानीय वडा र नागरिकहरुको दवावमा करिब एक महिना अगाडि रातको समयमा जिल्ला प्रहरी कार्यालय नुवाकोटका एसपी तुलबहादुर कार्कीसहितको टोली खटिएर बन्द गरेको सो कार्य रातको समयमा लुकिछिपि आजसम्म पनि सञ्चालन भइरहेको छ ।

स्थानीय प्रहरी कार्यालयका सइ चौधरीले उक्त कार्य गलत भएको भनि केहि दिन अगाडि रातको समय बन्द गराएको भनि झुटो भ्रम समेत स्थानीय सामु छरेका थिए । स्थानीय र पत्रकारहरु सामु मिठा र चिप्ला कुरा गर्दै आएका वडाध्यक्ष नेपाल र सइ चौधरीको मिलेमतो भएको थुप्रै प्रमाणहरु भेटिसक्दा उनीहरु आफ्नो हात नरहेको दावी गर्दै आइरहेका छन् । गल्छी-त्रिशुली-मैलुङ सडकखण्डको मेसिनरी वाल नै भत्काएर उत्खनन् गरिरहेका तस्करीहरुले आयोजनासँग सम्बन्धन लिएको बताएपनि आयोजनाले यस विषयमा आफूहरु बेखबर रहेको बताउँदै आइरहेको छ । उक्त उत्खनन् गरिएको ठाउँमा सार्वजनिक जग्गा पनि मिचिएको पाइएको छ । सो ठाउँमा सार्वजनिक जग्गा पनि मिचिएको वडाध्यक्षले स्वीकार गरेका छन् । यसरी सार्वजनिक जग्गा नै मिचेर प्राकृतिक दोहन हुँदा पनि प्रहरी स्वयं ड्युटी बसेर उत्खनन् मा सघाइरहेको छ ।

स्थानीय प्रहरी चौकीका सइ चौधरीले कमिसन खाएको इमानदारिताले प्राकृतिक दोहनको विरोध गर्न भने सकेका छैनन् । घडेरी खार्ने नाममा आफ्नो मिलेमतो नभएको दावी गर्दै आउने सइ चौधरीले जिल्ला प्रहरी कार्यालयका नायब उपरीक्षक (डीएसपी) र जिल्ला प्रशासन कार्यालयका सिडिओलाई जानकारी गराएको भनेर स्थानीय पत्रकारहरुसँग झुट बोलेको पाइएको छ ।

सइ चौधरीले कतै पनि केहि जानकारी नगराएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका डीएसपी हरि बहादुर ओलीले बताएका छन् । स्थानीय रमेश राईले आफूलाई घर बनाउने ४ आना जग्गामात्र सम्याउने भनेर वडाबाट सिफारिस लिगेको बताएका वडाध्यक्ष नेपालले तस्करीसँग मिलेर सिफारिसमा भने भन्दा बढी जमिनमा उत्खनन् गरको र हाल सार्वजनिक जग्गा समेत पेलेको बताउँदै आफू जोगिने प्रयास गरेका छन् ।

आफ्नो नगरपालिकाको वडामा अवैध रुपमा बालुवा तस्करी हुँदा समेत नगर प्रमुख राजेन्द्र रमण खनालले आफूलाई कुनैपनि जानकारी नै नभएको बताएका छन् । त्यस्तै जिल्ला प्रहरी कार्यलय नुवाकोटका प्रहरी उपरीक्षक (एसपी) तुलबहादुर कार्कीले पनि पछिल्लो समय नुवाकोटमा नदीमा मेसिन प्रयोग गरेर उत्खनन् नगरिएको भएतापनि स्थानीय तहले घडेरी बनाउने र सम्याउने नाममा तस्करीलाई उक्साइरहेको बताए । बेलकोटगढी नगरपालिका वडा नं-७ मा घडेरी खार्ने नाममा भएको उत्खनन्को विषयमा वडा नै जवाफदेही हुने बताउँदै आएका एसपी कार्कीले पनि आफ्नो जिम्मेवारी निर्वाह गर्न सकेका छैनन् ।

# उत्कृष्ट रक्तदातालाई सम्मान

**पवन जायसवाल/मध्यान्ह**
बााके, १३ कात्तिक



बाँकेको नेपालगन्ज उपमहानगरपालिका २२ पुरैनी स्थित रहेका एकता युवा क्लबले उत्कृष्ट रक्तदातालाई सम्मान गरेको छ । क्लवले १ सय ५६ पटक रक्तदान गरेका गोपीनाथ बैश्य, उत्कृष्ट महिला रक्तदाता ७६ पटक रक्तदान गरेका सरिता ज्ञवाली, नेपालगन्ज डोनेशन ग्रुपका संयोजक सुनिल परियार, प्राइम लाइफइन्स्युरेन्स नेपालगन्जलाई सम्मान गरेको हो ।

एकता युवा क्लबले 'रक्तदान जीवनदान' भन्ने मूल नाराकासाथ शनिबार पाँचौ श्रृङखलामा आयोजना गरिएको रक्तदान कार्यक्रममा एक जना महिलासहित ४२ जनाले रक्तदान गरेका छन् । एकता युवा क्लबका अध्यक्ष राजेश कुमार यादवद्वारा सञ्चालित रक्तदान कार्यक्रममा प्राइमलाइफ इन्स्युरेन्स नेपालगन्जका शाखा प्रबन्धक दिपक चालिसे, अप्रेशन इन्चार्ज श्रीप्रसाद पौडेल, अजु भुषाल, दिपक शाही, अर्जुन कार्की, अजयलोनिया, शेरबहादुर बोहरा, बिनोद कुमार यादवले रक्तदान गरेका थिए । कार्यक्रममा अरुण साहू, वीरेन्द्र गहतराज, सुनिता गोडिया, साइबान दर्जी, विशाल गोडिया, दिपेन्द्र कुमार यादव, मिथलेश पासी, सुरेन्द्र कुमार गोडिया, बिक्रम सोडारी, अजय साहनी, रवी गोडिया, हिमाल पञ्गाली, जगत बहादुर कुर्मी, अशोक सिंह गुरुङ, पवन थापा, द्वारिका प्रसाद गोडिया, भारत गुजरातका अरविन्द अघसिया, दीपराज ठाकुर, दिनेश कुमार यादव, भिम पौडेल, विरोध गौतम, दिनेश काफ्ले, आमन्त्रण बुढा, दिवश राणा, ज्ञानेन्द्र रोका, इमरानदर्जी, कृष्ण गोडिया, रामु साहू, अर्जुन पासी, धर्मु गोडिया, शुभाष चौधरी, राजीत थारु, ओम प्रकाश न्यौपाने लगायत ४२ जनाले रक्तदान गरेका थिए । लालकुवाँस्थित क्लबको कार्यालयमा आयोजना गरिएको कार्यक्रममा एस.के. डेरी उद्योग पुरैनी, नमस्ते ड्राईभिङ सेन्टर, जितेन्द्र सिंगार, नारायण पौडेल, हरदेव कल्वार, तिलकराम साहू, समाजसेवी सुनिल केसी, अजय साहनी, भागीराम खटिक, वीरेन्द्र गहतराज, प्राइम लाइफ इन्स्युरेन्स नेपालगन्जले आर्थिक सहयोग गरेको क्लबका अध्यक्ष राजेश कुमार यादवले जानकारी दिए । सो रक्तदान कार्यक्रममा उत्कृष्ट पुरुष रक्तदाता गोपीनाथ बैश्य, उत्कृष्ट महिला रक्तदाता सरिता ज्ञवाली र नेपालगन्ज डोनेशन ग्रुपका संयोजक सुनिल परियार, एकता युवा क्लबका अध्यक्ष राजेश कुमार यादवले संयुक्त रुपमा रगत संकलन गर्ने पाकेट प्राविधिकलाई हस्तान्तरण गरी विधिवत् रक्तदान कार्यक्रमको उद्घाटन गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, सोम प्रकाश सापकोटा, सुनिता कुमाई, खगेन्द्र भट्टराई, सिर्जना बस्नेत, उपासना सुनार, सञ्जय बढही, वीरेन्द्र योगीले प्राविधिकमा सहयोग गरेका थिए भने अतिथिहरुलाई मायाको चिनो पनि प्रदान गरिएको क्लबका अध्यक्ष यादवले जानकारी दिए । यस अघि कात्तिक १० गते सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड नेपालगन्जको आयोजनामा १ सय २० जनाले रक्तदान गरेका थिए ।

# निःशुल्क कम्प्युटर तालिमको दीक्षान्त तथा स्वागत कार्यक्रम सम्पन्न

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, १३ कात्तिक



बेसाहारा र भुईमान्छेहरुको सहारा बन्दै आएको फ्युजन नेपालले विगत केही महिनादेखि सञ्चालन गर्दै आइरहेको निःशुल्क कम्प्युटर तालिमको पहिलो व्याचका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र हस्तान्तरण तथा नयाँ व्याचका प्रशिक्षार्थीहरुलाई स्वागत कार्यक्रम सम्पन्न गरेको छ ।

शनिबार सम्पन्न कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति भक्तपुरकी सदस्य कमला पोखरेलले आफूहरूले फ्युजन नेपालको कामलाई पहिलेदेखि नै नियाल्दै आइरहेको र अहिलेको यो कामले झनै प्रभावित बनेको बताइन् । आगामी दिनमा पनि यस संस्थासँग आवश्यक समन्वय गर्न आफूहरू तयार रहेको उनले बताइन् ।

अतिथिहरू सूर्यविनायक नगरपालिका ५ का वडा सदस्य मनोज थापा, वासुदेव पोखरेल, स्थानीय समाजसेवीहरू गणेश घिमिरे, हरी पाण्डे, राजेन्द्र गुभाजु, सुरज थापा, भानुभक्त गौतमलगायतले आ-आफ्नो मन्तव्य राखेका थिए । उनीहरुले आजको समयमा कम्प्युटर शिक्षाको अपरिहार्यतालाई औंल्याउँदै भविश्यमा राम्रो गर्न र यसरी प्राप्त भएको निःशुल्क अवसरलाई सबैले मन लगाई सिकेर सदुपयोग गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

विगतमा प्रशिक्षण लिएका पुराना समूहका दीक्षितहरूले आफूहरुले सिकेका कुरालाई व्यवहारमा ल्याउने र आफ्नो काम तथा पढाइमा यसलाई प्रयोग गर्ने प्रतिवद्धता जनाएका थिए भने आर्थिक तथा व्यवस्थापकीय सहायताका लागी सूर्यविनायक नगरपालिका ५ का अध्यक्ष राजकुमार जोशीलाई कार्यक्रमका तर्फबाट धन्यवाद व्यक्त गरेका थिए ।

---

**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Rukum (East), Nepal**

### Invitation for Bids

**(First date of Publication: 2078/07/14, (2021-10-31)**

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of bridges and intends to apply part of the funds to cover eligible payments under the Contract for construction of bridges under National Competitive Bidding (NCB)-Single Stage Two Envelope Bidding Procedures.
2. Road Infrastructure Development Office, Rukum (East) invites **only electronic bids** from eligible bidders for the construction of following contract mentioned in the table below:-

| S.N | Name of Works | Contract ID | Average Annual Construction Turnover | Bid Doc. Fees | Bid Security Amt.NRs | Specific construction experience |
|---|---|---|---|---|---|---|
| 1. | Rukumgadh Khola Prestressed Bridge along Dhaunne-Deukhola Road, Rukum (East) District. | RIDO/RUK/W/NCB/ RUKUMGADHKHOLA/ BRI/04/078-79 | Average annual Construction turnover best three years with in last 10 years. (Need NRs 60,000,000.00) | NRs. 5000.00 | 1,560,000.00 | Minimum 2 (two) no. of Prestress RCC Motorable bridge contract with Open/pile foundation span, 40 meters above within last 10 years with the value of at least NRs. 47,900,000.00 (each) |

**Information to deposit the cost of bidding document in the Bank and Bid Security amount**

| Name of the Bank | Name of Office | Office Code No. | Office Account No. | Rajaswa (revenue) Shirshak no. | Rajaswa Account No. |
|---|---|---|---|---|---|
| Nepal Bank Limited, Rukumkot | Road Infrastructure Development Office, Rukumkot | 3370153015 | 18902000002003000001 | 14229 | 00101000000001001001 |

**Information about the key dates**

| Last Date of Bid document purchasing | Last Date of Bid Submission | Date and time of Bid Opening | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 2078/08/13 within office hours | 2078/08/14 on or before 12:00 Noon. | 2078/08/14 on 13:00 hrs. | 2078/08/03 on 11:00 hrs. | 90 days from (2078/08/14) to (2078/11/15) | 30 days beyond the validity period of bid (i.e. 2078/12/15) |

3. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date .In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Elligible Bidder may obtain further information on bidding document at office of Road Infrastructure Development Office, Rukumkot, Ph.No. 088-413144 or visit PPMO´s website http://www.bolpatra.gov.np/egp

**Office Chief**

---

## Dudhauli Municipality
## Office of the Municipal Executive

**Dudhauli, Sindhuli**

### INVITATION FOR THE BIDS

**Date of publication: Oct 31th, 2021 (2078/07/14)**

1. **Dudhauli Municipality, Office of the Municipal Executive** invites sealed bids from eligible bidders under National Competitive Bidding - Single Stage Single Envelope Bidding procedures.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Estimated Cost (with VAT& PS) | Last date of Bid purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1. | DMUN-06-078/79 | Khorbhanjyang Aspatal Bhawan Nirman | 1,00,000.00 | 3,000.00 | 40,51,899.76 | 2078/08/14 On or Before 12:00 Noon |

1. Under the Single Stage, single Envelope Procedure, Bidders are required to submit sealed envelopes as per the provision of ITB 21 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dudhauli Municipality Office, Dudhauli, Sindhuli, Email:dudhaulimun@gmail.com, Phone no. +977-047-412051/412052 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be Downloaded and submit their bid electronically as mentioned below or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Sanchit Kosh (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank** : Nepal Bank Limited, Dudhauli Branch, Sindhuli.
   **Name of Office** : Dudhauli Municipality, Office of the Municipal Executive
   **Rajaswa (revenue) Office Account no.:** 25203000001001000001
   **Dharauti Account No. :** 25203000003000000001
4. Pre-bid meeting shall not be held.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2078/08/14 at the office of Dudhauli Municipality, Dudhauli, Sindhuli. Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid in Dharauti Account as stated above.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Dudhauli Municipality Office, Dudhauli, Sindhuli, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of above Projects reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Dudhauli Municipality Office, Dudhauli, Sindhuli.
9. Hard Copy of Bid should not be obtained or submitted to Dudhauli Municipality Office.
10. For Further Inormation please refer to the PPMO's Website www.bolpatra.gov.np/egp. Tender Procedure shall public procurement act 2063 and Public procurement regulation 2064 along with recent amendments.

**Chief Administrative Officer**

## सम्पादकीय

# निकास निकाल

'फेस्टिभ मूड' रहेको मुलुकको प्रमुख चासो र चिन्ताको विषय बनेको छ, सर्वोच्च अदालतको कलह । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग र राजीनामा नदिने प्रधानन्यायाधीश जबराको अडानले न्यायालय प्रभावित बन्न पुगेको छ । एक सातादेखि सर्वोच्चमा इजलास बस्न सकेको छैन । सर्वोच्चका सबै न्यायाधीश प्रधानन्यायाधीश जबराको राजीनामा मागेर 'अघोषित' आन्दोलनमा छन् । गएको सोमबार देखि न्यायाधीशहरूले सुनुवाई गरेका छैनन् । प्रधानन्यायाधीश जबरा भने इजलास तोक्ने, तर आफै समेत इजलासमा नबस्ने गरिरहेका छन् । अर्थात् सर्वोच्च अदालत जटिल परिस्थितिबाट गुज्रिरहेको छ । त्यसैपनि मुद्दाको चाङ लाग्ने सर्वोच्चले बन्दी प्रत्यक्षीकरण जस्ता अत्यावश्यक मुद्दाको समेत सुनुवाइ हुन सकेको छैन ।

सर्वोच्चका न्यायाधीशहरूले मात्रै प्रधानन्यायाधीश जबराको राजीनामा माग गरिरहेका छैनन् । अधिवक्ताहरूको छाता संस्था नेपाल बार एशोसिएशनले आन्दोलनकै कार्यक्रम घोषणा गरेका छन् । १४ कात्तिकभित्र प्रधानन्याधीश जबराले राजीनामा नदिए आन्दोलनमा उत्रने कार्यक्रम घोषणा गरिसकेको छ । सर्वोच्च बारले पनि प्रधानन्याधीश जबरालाई राजीनामा गर्न सुझाव दिएको छ । चार पूर्वप्रधानन्यायाधीशले गएको मंगलबार बक्तव्य जारी गरी प्रधानन्यायाधीश जबराले राजीनामा गर्न उचित हुने सुझाएका छन् । पूर्व न्यायाधीशहरूको पनि उही सुझाव छ । तर प्रधानन्याधीश जबराले भने न्यायिक क्षेत्रसँग सम्बद्ध व्यक्ति र संस्थाले भन्दैमा राजीनामा नगर्ने अडान लिएका छन् । बरू, उल्टै महाअभियोग लगाएर हटाउन चुनौती दिएका छन् । अर्थात् सर्वोच्च अदालतको जटिलता हल गर्न उचित कदम चाल्न अत्यावश्यक भइसकेको छ ।

अदालतको सुनुवाइ प्रभावित भइरहँदा अधिवक्ताहरू समेत विभाजित हुने खतरा बढ्दै गएको छ । शुक्रबार बार परिसरमा दुई अधिवक्ता बीच भएको कुटाकुटको दृष्य चिन्ताजनक छ । न्यायलयको सुधारको मागमा अधिवक्ताहरू विभाजित हुने परिस्थितिले सर्वोच्चको विश्वास र गरीमा कमजोर हुन पुग्छ । यसर्थ, प्रधानन्याधीश जबराले यसबारे सोच्न जरूरी छ । दलहरूले महाअभियोग नलगाउने संकेत गर्ने, आन्दोलन चलिरहने अनि प्रधानन्याधीश जबरा अडानको अडान लामो समय रहिरहनु मुलुक र संविधानका निम्ति खतराका घण्टी हुन् । न्यायालयको विश्वास गुम्न पुग्यो भने मुलुकमा न्यायको शासन र संविधानको सर्वोच्च समेत कमजोर हुन पुग्छ । किनकि संविधानले न्यायको ग्यारेन्टी न्यायालयबाट हुने कल्पना गरेको छ । आमविश्वास पनि न्यायालयले न्याय दिन्छ भन्नेमै छ ।

## सामाजिक सञ्जाल



सर्वोच्चको परिसरमा कालो कोट धारी मोटेले कालो कोट धारी पातलेलाई कुट्दा बाहुबली मण्डलेले ज्यादती गर्‍यो भन्ने लाग्याथ्यो । "अब राजा फर्किन्छ" भनेर पातले कुर्लेको सुन्दा मण्डलेले मण्डलेलाई कुटेछ भन्ने लाग्यो । सर्वोच्च त मण्डलेहरूले मल्ल युद्ध गर्ने अखाडा पो बन्न लाग्यो गाँठे !

**- खगेन्द्र संग्रौला**



गल्ती होला, प्रधानन्याधिशले मन्त्री मागे भाग खोजे । अनि नेताहरू चाहीँ कुन ठाउँमा चोखा छन् र भाग खोजेका छैनन् । देशैभरी जहाँ–जहाँ सकेका छन भागबन्डा गरेकै छन् । देशको राजदूत कैले देख्नु र सुन्नु भयो ? पार्टीको भागबन्डामा राजदुत । मन्त्रीहरूले भागबन्डा फोहोरको डुंगुरमा पनि छोड्दैनन् भने केमा छोड्लान् ?

**- पुरुषोत्तम ढुंगेल**




मलाई कुनै नयाँ उट्पट्याङ् कुरा गरेर वाहवाही कमाउनु छैन् । ट्विटर ज्वाइन गरेदेखि हेर्नुभए हुन्छ ! मेरो आसय अहिले प्रधानन्यायाधीशको राजीनामा सबैले माग्नु रहस्यमयी कुरा होइन र ? व्यक्तिगत जीवनमा लामो समय उठबस खानपिन गरेको सहकर्मी न्यायाधीशदेखि अधिवक्ताहरू सबैले यस्तो किन गरे भन्ने हो ।

**- विष्णु ढकाल**



उडाउने, गुडाउने तेलको दाम बृद्धि अझै कम भयो सरकार ! आखिर तेल भनेको तेलै हो, खाने तेलको बराबरी त गरौँ । जाबो रूपैया बढाएर कहिले भेटनु ? सरकार छ र त जनतालाई राहत छ ! बोल्दैनन् खै कता गए कुन्नि हामी देखाउछौँ भन्थे रिजाल दशैँमा भाडा तिहार तेलको दाम बढाएर देखाउदैछन् पर्खनुस् अझै ट्रेलर मात्रै हेर्दैछौं ।

**- गोविन्दकुमार थापा**



पेट्रोलको मुल्य महिना महिनामा बढ्नु राम्रो होइन्, यसको सिधा असर गरिब नागरिकलाई पर्छ । अरूसँग किनेर ल्याउने पदार्थ कोटेसन निकालेर नाफामा बेच्दा कसरी आयल निगम घाटामा जान्छ बुझ्न सकिएन । कुनै पनि देशमा छिनछिनमा मुल्य बढेको हुँदै हुँदैन । केही लठुवाहरू सामान्य हो, साउदीमा बढेको बढै छ भनेर अन्योल पारिरहेका छन् ।

**- राधिका सुवेदी**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# परितर्वनकारी शक्ति र देशको अवस्था

*राज्यका चारै वटै अंगहरु यति धैरै विकृत बनेका छन् कि आमले त्यसलाई कल्पना पनि गर्न सकेका छैनन् । सरकारको स्वेच्छाचारीता, संसदको संवादहीनता, न्यायालयको निकम्मापन र मिडियाको मनपरि जस्ता थुप्रै विकारहरुले प्रमाणित गरेका छन् कि यो संसदीय व्यवस्था नेपालमा फेरि अर्कोपटक पनि पूर्णतः असफल र अफाप सिद्ध भैसकेको छ ।*



● नारायण शर्मा

राज्यका चारै वटै अंगहरु यति धैरै विकृत बनेका छन् कि आमले त्यसलाई कल्पना पनि गर्न सकेका छैनन् । सरकारको स्वेच्छाचारीता, संसदको संवादहीनता, न्यायालयको निकम्मापन र मिडियाको मनपरि जस्ता थुप्रै विकारहरुले प्रमाणित गरेका छन् कि यो संसदीय व्यवस्था नेपालमा फेरि अर्कोपटक पनि पूर्णतः असफल र अफाप सिद्ध भैसकेको छ । त्यसमाथि बहुदलीय व्यवस्थाका खम्बा मानिएका संसदवादी पार्टीहरु, तिनका नेता-कार्यकर्ताहरुका आफ्नै घोषणापत्र र संविधानले निर्दिष्ट गरेका लक्ष्य-उद्देश्यविपरीतका दलाली, दासता, दरिद्रता, दम्भ र दमनजस्ता राष्ट्रघाती, जनविरोधी र समाजवाद विपरीतका दुष्ट, भ्रष्ट र निकृष्ट चिन्तन-चरित्र प्राथमिकता पाइरहेका छन् । जनतामा समग्र राज्य, राजनीति, राजनीतिक दल, तिनका नेता-कार्यकर्ता र देशका शासकहरुप्रति चरम अविश्वास, आक्रोश र वितृष्णा बढेको छ । यसले गर्दा सिङ्गो मुलुकमा यी सबका विरुद्धमा



एउटा भयंकर विद्रोह र विष्फोटको वातावरण बनेको छ । यस्तो अवस्थामा वर्तमान व्यवस्थाका सच्चा विरोधी व्यक्ति, शक्ति र प्रवृत्तिहरुको एकीकरण, ध्रुवीकरण, शुद्धीकरण र क्रान्तिकारीकरण गरी राज्य र समाजलाई रुपान्तरण गर्ने महाभियानको टड्कारो आवश्यकता छ ।

आवश्यकता पूरा गर्न केही स्थापित र परिचित क्रान्तिकारी पार्टीका शीर्ष र स्वच्छ नेताहरु वा जिम्मेवार क्रान्तिकारी र देशभक्त नागरिक अगुवाहरुले प्रथमतः यो आवश्यकतालाई गम्भीरता र जिम्मेवारीका साथ आत्मसात् गर्नु अत्यन्त जरुरी छ । उनीहरुले आ-आफ्ना संकीर्ण सोंच, शैली र स्वार्थलाई तिलाञ्जली दिनु पनि त्यत्तिकै जरुरी छ । तत्पश्चात् मूलतः समान विचार-सिद्धान्त र लक्ष्य-उद्देश्य भएका सम्पूर्ण शक्तिहरुलाई सकेसम्म पार्टीगतरुपमा वा नभएपनि कम्तीमा मोर्चागत रुपमा एकताबद्ध गर्ने रणनीतिअनुसार पार्टी एकता गर्ने वा संयुक्तमोर्चा बनाई सशक्त संघर्ष गर्नु आवश्यक भएको छ । यसरी नै संघर्षलाई निर्णायक रुपले सफल र विजयी बनाउन तत्कालका गम्भीर र महत्वपूर्ण मुद्दाहरुमा संघर्ष गरिरहेका वा गर्ने विभिन्न शक्तिहरुसँग मुद्दाअनुसार कार्यगत एकता गरी वर्तमान विकृत व्यवस्था र यसका वाहक-चालकहरुका विरुद्धमा संघर्ष छेंड्नु अत्यन्त जरुरी छ ।

तर, दुःखद र विचित्र विडम्बना यो भएको छ कि उपरोक्त सम्पूर्ण कुराको ज्ञान भएका स्थापित राजनीतिक दल र तिनका वरिष्ठ र विशिष्ट नेतृत्वहरुले समेत अवस्थाबारे गम्भिरता र तदारुकतापूर्वक ध्यान दिइरहेका छैनन् । यसले गर्दा स्थापित र परिचित नेताहरुसँग पनि आशा बिलाउँदै गईरहेको छ । तथापि अझै अन्तिम एकपटक उनीहरुलाई संयुक्त क्रान्तिकारी जनआन्दोलनको दिशा र कर्ममा ल्याउन जोड गर्नु परेको छ । यदि यो प्रयत्नमा सफल नभएमा जनअपेक्षाअनुरुपको कुनै योजना आउने छैन् । अर्कोतिर

> दुःखद र विचित्र विडम्बना यो भएको छ कि देशको अवस्थाको बारेमा सम्पूर्ण ज्ञान भएका स्थापित राजनीतिक दल र तिनका वरिष्ठ र विशिष्ट नेतृत्वहरुले समेत अवस्थाबारे गम्भिरता र तदारुकतापूर्वक ध्यान दिइरहेका छैनन् । यसले गर्दा स्थापित र परिचित नेताहरुसँग पनि आशा बिलाउँदै गईरहेको छ ।

नवपुस्ताले जबरजस्त सोंच्नुपर्ने छ ।

अब प्रश्न उठ्छ कि यस्तो परिस्थिति हुँदा पनि किन त देशका जिम्मेवार दलहरु र तिनका पहरेदार नेताहरु सचेत हुन सकिरहेका छैनन् ? दुःखका साथ भन्नु परेको छ कि नेताहरुका दिलदिमागमा आफू र आफ्नो पार्टीले जे सोंचेको छ, जे निर्णय गरेको छ वा जे गर्ने गर्दै आएको छ, त्योभन्दा थोरैपनि दायाँबायाँगर्नै हुन्न भन्ने नितान्तः यान्त्रिक जड, रुढीवादी, संकीर्ण चिन्तन र चरित्र जबर्जस्त रुपमा जरा गाडेर बसेको छ । उनीहरु आफ्नो र आफ्नो पार्टी वा गुटको स्वार्थका कारण देश र जनताको बृहत्तर हितको निम्ति उदार र उदात्त भएर केही नयाँ गर्न त के सोंच्नसम्म पनि सकेका छैनन् । उनीहरुलाई आफूहरुले खाइपाई आएका पद, प्रतिष्ठा, पावर, पैसा र प्रचार पुगीसरि भएको छ । उनीहरुमा पाएको सुखसयल र सानशौकत कम हुने वा सिनियर जुनियर हुने अथवा आफू र आफ्नो समूह-स्वार्थमा आँच आउने निकै ठूलो डर छ ।

उनीहरु यो तीतो यथार्थ स्वीकार्न तयार छैनन् बरु यसको बचाउमा उत्रदै छन् । उनीहरु आफूलाई खाँटी क्रान्तिकारी र राष्ट्रवादी त सोंच्छन् तर, वस्तुतः उनीहरु क्रान्ति गर्ने क्रान्तिकारी र राष्ट्रको दुःख र दरिद्रता हटाउने सच्चा व्यावहारिक राष्ट्रवादी होइनन् । यस्तो दुःखद अवस्थामा पुग्न गएको कुरा उनीहरुले आफ्नो 'क्रान्तिकारी' र 'राष्ट्रवादी' अहंकार र आत्मरतिको कारणले गर्दा थाहासम्म पनि नहुन सक्छ । कथंकदा केही थाहा पाइहाले पनि त्यसलाई स्वीकार्न र सच्चाउन पनि उनीहरु पटक्कै चाहँदैनन् ।


> एउटा तपस्वीले बाढीबाट भगवानले आफूलाई बचाउने हठ नत्यागदा अन्ततः बाढीले बगाएर मरेको कथा जस्तो दुःखद स्थिति देश, जनता र क्रान्तिको लागि बन्न सक्छ । त्यसैले समयमै सबैमा यसको हेक्का राख्न जरुरी छ । आवश्यकतानुसार शाहस, त्याग-बलिदानका साथ गम्भीरता र दृढतापूर्वक अघि बढेर नै एउटा सशक्त क्रान्तिकारी शक्ति र संयुक्त क्रान्तिकारी जनआन्दोलन निर्माण गर्न सकिन्छ ।

यसप्रकार उनीहरु एउटा साधु र पिँजडाको चराको कथाको अवस्थामा पुग्छन् । साधुको निरन्तरको अर्ती 'बन्धन तोड र पिँजडा छोड' भन्नेलाई चराले कण्ठ त गर्ने तर पिँजडा खोलेर बाहिर निस्कँदा पनि अन्ततः त्यही पिँजडामै गएर बस्ने गरेझैं क्रान्तिको रटान त लगाउने तर क्रान्तिकारी परिस्थिति तयार हुँदा पनि त्यसको भेउ नपाएर यथास्थितिमै रम्ने अवस्थामा पुग्छन् । आफूलाई क्रान्तिकारी र बौद्धिक ठान्ने नागरिक अगुवाहरुको पनि यस्तै मनस्थिति देखिन्छ । आज स्वतन्त्र, निस्पक्ष, आत्मनिर्भर र मौलिक सोंच, शैली, संस्कार र व्यवहारका नाममा उनीहरुले खाइपाइआएको पैसा, पद, प्रसंशा र प्रचार तथा यिनै काम-व्यवहारको लागि एनजिओ र आइएनजिओ जस्ता देशी-विदेशी शक्ति र संस्थाहरुबाट प्राप्त सहयोग-सुझाव गुम्ने र त्यसमार्फत आफ्नो छवि, शक्ति र प्रभाव कमी हुने भयले अर्को कुनै नयाँ, सशक्त र क्रान्तिकारी शक्ति र आन्दोलन निर्माण गर्न चाहन्नन् ।

यसरी उनीहरु पनि देश र जनताको बृहत्तर हितका कुरासम्म गर्ने तर, आफ्नो व्यक्तिगत, पारिवारिक र समुदायगत हितको हठलाई त्यसरी नै त्याग्न सक्दैनन् । यसरी नै एउटा तपस्वीले बाढीबाट भगवानले आफूलाई बचाउने हठ नत्यागदा अन्ततः बाढीले बगाएर मरेको कथा जस्तो दुःखद स्थिति देश, जनता र क्रान्तिको बन्न पुग्छ । त्यसैले समयमै सबैमा यसको हेक्का हुनु जरुरी छ । आवश्यकतानुसार शाहस, त्याग-बलिदानका साथ गम्भीरता र दृढतापूर्वक अघि बढेर नै एउटा सशक्त क्रान्तिकारी शक्ति र संयुक्त क्रान्तिकारी जनआन्दोलन निर्माण गर्न सकिन्छ । जसले नै देश र जनतालाई आवश्यक मति र गतिका साथ उपयुक्त रिति र स्थिति कायम गरेर दीगो क्रान्तिकारी निकास र विकास दिनु अत्यावश्यक भएको छ ।

# महिला हिंसा न्यूनीकरणमा स्थानीय तह

*नेपालमा महिलाहरुको वर्तमान स्थिति सन्तोषजनक छैन । स्थानीय निकाय जनप्रतिनिधि मुलुक संस्था भएकोले सबै खालका महिला हिंसा तथा सामाजिक विभेदहरुको अन्त्य र निर्मुल गर्नु स्थानीय निकायको जिम्मेवारी हो । महिला हिंसाविरुद्ध अभिभावकीय जिम्मेवारी पनि स्थानीय निकायको रहने हुँदा महिला हिंसा अन्त्यको प्रमुख निकाय स्थानीय तह र त्यहाँका जनप्रतिनिधिहरु हुन ।*



● दिवस ढकाल

महिलाविरुद्धको हिंसा भनेको महिलाविरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा कुनै पनि किसिमको यातना, भेदभाव तथा दुव्यवहार हो । विश्वमा थुप्रै मुलुकहरुमध्ये नेपालमा पनि महिला हिंसाका घटनाहरु धेरै देखिन्छ । हाम्रो देशमा अशिक्षा, गरिबी, पछौटेपन, अन्धविश्वास आदि कारणबाट महिला हिंसा जस्तो समस्या सिर्जना हुने गरेको छ । देशभित्र दाइजो प्रथा, कुटपिट, लैङ्गिक विभेद, बोक्सीको आरोप, बहुविवाह, घरेलु हिंसा, जबरजस्ती करणी, यौन दुव्यवहार जस्ता समस्याहरु रहेका छन् । साथै घुम्टो प्रथा, देउकी र झुमा प्रथा, छाउपडी प्रथा, चेलिबेटी बेचबिखन, देहव्यापारजस्ता महिला हिंसाका समस्याहरु पनि हाम्रै समाजमा छन् । कतिपय ठाउँमा यस्ता विभेदहरु व्यापक रूपमा देखिन्छन् ।

आज २१ औं शताब्दीमा मानवीय कलंकको रुपमा रहेको लैङ्गिक विभेद हटाउन स्थानीय तह र त्यहाँका जनप्रतिनिधिहरूको महत्वपूर्ण भूमिका रहन्छ । नेपालमा कतिपय महिलाहरु धार्मिक शोषणबाट शोषित भएका छन् भने सामाजिक अन्धविश्वास र कुरितीले त झनै उनीहरुको जीवन कष्टकर बन्न पुगेको छ । साथै समाजमा हुने यौनजन्य दुराचारबाट महिलाहरु मुक्त हुन सकेका छैनन् । समाजमा दिन प्रतिदिन महिलाहरु सयौंको संख्यामा बलात्कृत हुने गरेका छन् । यो महिला प्रति गरिएको अमानवीय व्यवहारको पनि पराकाष्ठा हो । वर्तमान नेपालमा मानिसहरू २१ औं शताब्दीको आधुनिकतालाई आत्मसाथ गर्दै अघि बढिरहेका भएता पनि समाजका कतिपय मानिसहरूको सोंचाई भने पन्ध्रौं/सोह्रौं शताब्दी तिरै रुमलिरहेको देखिन्छ ।

देश विकासको मेरुदण्डको रुपमा रहेका महिलाहरुलाई कुन्ठित गरि महिला हिंसासम्बन्धि जघन्य व्यवहार गर्नु भनेको यो समाजको दानवीय व्यवहार हो । आजको परिपेक्षमा हेर्ने हो भने देशको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, क्षेत्रमा महिलाहरुको संख्या पुरुषको तुलनामा कम देखिन्छ । त्यसैले यस्ता क्षेत्रहरुमा महिलाको सहभागिता बढाउँदै स्थानीय तहदेखि राष्ट्रको माथिल्लो तहसम्म महिलाहरुलाई हरेक अंगमा समेट्ने नीति लिनुपर्छ । महिला हिंसाविरुद्धका सचेतनाहरु शहर बजार र सुचनापाटीमा मात्र सीमित नराखी गाउँघरका महिला, विद्यालयका विद्यार्थी र शिक्षक शिक्षिकाहरु सम्म पुर्‍याउँदै ग्रामीण क्षेत्रका छोरीलाई विद्यालय तिर आकर्षित गर्न छात्रवृत्तिको व्यवस्था गर्ने र महिलालाई आयमूलक सीप सिकाइ आयआर्जनमा प्रेरित गर्नुपर्ने हुन्छ ।

यस्ता उपायहरु स्थानीय तहले अवलम्बन गर्न सकेको अवस्थामा मात्र महिलाप्रति हुने हिंसामा कमि आउने देखिन्छ । महिला हिंसा जस्तो अपराधिक घटनाको निर्मुल गर्दै महिला अधिकारको संरक्षण गर्नु स्थानीय तहको प्रमुख कर्तव्य बन्छ । नेपाल सरकारले स्थानीय क्षेत्रदेखि नै महिला हिंसा उन्मुलनको लागि स्थानीय स्वायत्त ऐन, २०५५ र स्थानीय निकाय निर्वाचन ऐन, २०४८ लागु गर्नुका साथै विभिन्न समयमा मुलुकी ऐनहरु कार्यान्वयन गर्न आवश्यक छ । स्थानीय तहले यी विभिन्न समयमा अनुमोदन भएका कानुनहरुको आधार लिई महिला हिंसा गर्नेलाई कडा दण्ड दिने व्यवस्था गर्ने र यसलाई कडाइका साथ कार्यान्वयन गर्नु जरुरी देखिन्छ । स्थानीय तह र प्रशासनले महिला हकहितको संरक्षण र उत्थानको लागि आफ्नो कर्तव्य पुरा नगरेमा महिला अधिकार निरर्थक बन्न पुग्दछ । यसको लागि नेपालको सम्पूर्ण स्थानीय तहहरुको सामुहिक सत प्रयासबाट मात्र महिला अधिकारको सुनिश्चितता हुनेछ ।

निष्कर्षमा नेपालमा महिलाहरुको वर्तमान स्थिति सन्तोषजनक छैन । स्थानीय निकाय जनप्रतिनिधि मुलुक संस्था भएकोले सबै खालका महिला हिंसा तथा सामाजिक विभेदहरुको अन्त्य र निर्मुल गर्नु स्थानीय निकायको जिम्मेवारी हो । महिला हिंसाविरुद्ध अभिभावकीय जिम्मेवारी पनि स्थानीय निकायको रहने हुँदा महिला हिंसा अन्त्यको प्रमुख निकाय स्थानीय तह र त्यहाँका जनप्रतिनिधिहरू हुन ।

# अमेरिकामा ५ वर्षमाथिका बालबालिकालाई फाइजर खोप दिन अनुमति



**काठमाडौं/एजेन्सी–** अमेरिकाको खाद्य तथा औषधि विभागले पाँच देखि ११ वर्ष उमेर समूहका बालबालिकालाई फाइजर र बायोइन्टेक कोरोना खोप लगाउने अनुमति दिएको छ । शुक्रबार खाद्य तथा औषधि विभागले उक्त उमेर समूहका बालबालिकालाई फाइजर र बायोइन्टेक कोरोना खोप लगाउने अनुमति दिएको हो । योसँगै अमेरिकामा फाइजर र बायोइन्टेकका कोरोना खोप साना बालबालिकालाई लगाइने पहिलो खोप बनेका छन् ।

मंगलबार खाद्य तथा औषधि विभाग (एफडिए) का विज्ञले फाइजर र बायोइन्टेक खोप लगाउन सिफारिस गरेपछि ५ देखि ११ वर्षका बालबालिकामा प्रयोगको अनुमति दिइएको हो । पछिल्लो निर्णयसँगै दुई करोड ८० लाख अमेरिकी बालबालिकाका लागि खोप उपलब्ध हुने अपेक्षा गरिएको छ ।

साना बालबालिकालाई १० माइक्रोग्राम फाइजर खोप लगाइने छ । उक्त मात्रा यसअघि १२ वा सोभन्दा बढी उमेरका बालबालिकालाई ३० माइक्रोग्राम खोप दिन गरिएको सिफारिसभन्दा निकै कम हो । चीन, युएई र क्युबासहितका थोरै मुलुकले मात्रै पाँचदेखि ११ वर्ष उमेर समूहका बालबालिकालाई कोभिड खोप लगाउने अनुमति दिएका छन् ।

कम मात्राको डोजले बिरलै देखिने केही साइड इफेक्ट न्यूनीकरण गर्ने एफडिएका विज्ञले बताएका थिए । बैठकमा विज्ञहरूले विशेषगरी कम उमेरका मानिसले फाइजर/बायोइन्टेक र मोर्डना खोप लगाएपछि देखिने मुटु पोल्ने समस्यामाथि व्यापक चर्चा गरेका थिए ।

शुक्रबार एफडिएले पाँचदेखि ११ वर्ष उमेर समूहका बालबालिकामा फाइजर खोप लगाउँदा जोखिमभन्दा फाइदा बढी हुने समेत बताएको छ । आगामी हप्ता अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) का विज्ञको एक प्यानलले बैठक बसेर यो उमेर समूहका बालबालिकामा कसरी खोप प्रयोग गर्ने भनेर छलफल गर्नेछ । यससम्बन्धमा सीडीसीका निर्देशकले अन्तिम निर्णय गर्नेछन् ।

फाइजर र बायोइन्टेक कम्पनीले क्लिनिकल परीक्षणपछि पाँचदेखि ११ वर्षका बालबालिकामा आफ्ना खोप ९०.७ प्रतिशत प्रभावकारी देखिएको बताइसकेका छन् ।

# ओकस सम्झौतापछि बाइडेन र म्यांक्रोबीच पहिलोपटक भेट

**काठमाडौं/एजेन्सी–** तीन देश (अमेरिका, बेलायत र अस्ट्रेलिया) बीच भएको सुरक्षा सम्झौता ओकसलाई लिएर अमेरिकाले 'असहज' (क्लम्जी) महसुस गरेको अमेरिकी राष्ट्रपति जो बाइडेनले बताएका छन् । ओकस सम्झौतापछि अमेरिकी राष्ट्रपति बाइडेन र फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोँबीच पहिलोपटक भेट भएको हो ।

ओकस सम्झौतापछि फ्रान्स तीन देशसँग रुष्ट बनेको थियो । सो सम्झौताका कारण फ्रान्सले अस्ट्रेलियासँग गरेको सबमरिन बनाउने सम्बन्धी सम्झौता रद्ध भएको थियो । त्यसले ठूलो रकमको नोक्सानी फ्रान्सले बेहोर्नु परेको थियो । इटालीको रोममा रहेको फ्रान्सेली दूतावासमा बाइडेन र म्याक्रोँबीच भेटवार्ता भएको हो । फ्रान्सेली राष्ट्रपति म्याक्रोँले अब भविष्य तर्फ हेर्नु उपयुक्त हुने बताएका छन् । जी २० सम्मेलनका लागि विश्वका नेताहरु भेला भएका छन् । बाइडेनले जी २० अघि विश्वका विभिन्न देशका नेताहरुसँग भेटवार्ता गर्दैछन् । यस्तै नेताहरु आउँदो हप्ता जलवायु सम्मेलनका लागि पनि युरोप पुग्ने क्रम छ ।

बाइडेनले ओकस सम्झौताका बारेमा फ्रान्सलाई पहिले नै जानकारी थियो वा गराइएको थियो भन्ने आफूलाई लागेको र त्यस्तो नरहेको थाहा पाउँदा 'असहज' महसुस भएको बताएका छन् । दुई नेताले भावी सहकार्य र विश्वासको वातावरण निर्माण गरेर अघि बढ्ने बताएका छन् ।


प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशालय
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
बागमती प्रदेश, लगनखेल, ललितपुर
(कार्यक्षेत्र: काठमाडौं, ललितपुर र भक्तपुर)

पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०७८/०७/१४)

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम बढीमा ५०% लागत साझेदारी अनुदानमा संचालनका लागि देहाय बमोजिम स्थान उल्लेख भएका क्षेत्रहरू अन्तर्गतका इच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित भएको मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी **पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम संचालन कार्यविधि, २०७८** को अनुसूची २ अनुसारका कागजातहरू, अनुसूची ३ बमोजिमको आवेदन पत्र र अनुसूची ४ बमोजिमको कार्ययोजना संलग्न राखी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरमा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी तथा म्याद नाघी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | प्रति अनुदान रकम | न्युनतम मापदण्ड | आवेदक | लागानी योग्य क्रियाकलापहरु | कार्यक्रम संचालन हुने स्थानहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | बाख्रा मिसन कार्यक्रम | पटक | २ | २५ लाख | सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ | समूह/ सहकारी/ निजी उद्यमी | खोर व्यवस्थापन, नश्ल सुधार, पशु आहार/पशु स्वास्थ्य व्यवस्थापन, बजार व्यवस्थापन | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| २. | मत्स्य पोखरी क्षेत्र विस्तार कार्यक्रम (माछा मिसन) | हेक्टर | ४ | प्रति हेक्टर ५ लाख | सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ | समूह/ सहकारी/ निजी उद्यमी | नयाँ मत्स्य पोखरी निर्माण | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| ३. | पुरानो मत्स्य पोखरी मर्मत तथा संभार (माछा मिसन) | हेक्टर | २५ | प्रति हेक्टर २ लाख | सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ | समूह/ सहकारी/ निजी उद्यमी | पुरानो मत्स्य पोखरी मर्मत संभार | काठमाण्डौ, ललितपुर र भक्तपुर |

**नोट: थप जानकारीको लागि यस केन्द्रको फोन नम्बर ०१-५५४२४४९ वा ५५४७२७७ मा सम्पर्क गर्न सक्नु हुनेछ ।**
Website: vhleclalitpur.p3.gov.np **बाट सूचना तथा अनुसूचिहरू डाउनलोड गर्न सक्नु हुनेछ ।**



प्रदेश सरकार
बागमति प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रेपलाञ्चोक

*विभिन्न कार्यक्रम सन्चालनको लागि प्रस्ताव आह्वानको सूचना* (सूचना नं-३)

(प्रथम पटक प्रकाशित मिति २०७८/०७/१४)

यस कार्यालयको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्विकृत बजेट तथा कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु सन्चालन गर्नुपर्ने भएकोमा उक्तानुसारका कार्यक्रमहरुमा सहभागि हुन इच्छुक कृषक/समुह/समित/सहकारी/व्यवसायिक फार्महरुबाट लागत साझेदारी गर्न दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएकोछ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७८/०८/१३) भित्र रु १० को टिकट टाँस गरि प्रदेश कार्यविधि २०७८ को अनुसूचि बमोजिम तोकिएको मापदण्ड अनुसार प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्नु हुनका साथै थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइनुका साथै रित नपुगि दर्ता हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

क. कार्यक्रमहरु-

| सि.नं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | कार्यालयको तर्फबाट प्रति इकाइ अधिकतम साझेदारि रकम | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | | | | |
| | खानिखोला गाउपालिका-५ र बेथानचोक गाउपालिका-२ | पटक | २ | १५/१५ लाख | कानून सम्वत दर्ता भएका बाख्रा पालनमा आवद्ध फार्म/समुह/समिति/सहकारीहरु पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार । |
| २ | साना कृषक लक्षित गाइभैंसि प्रवर्द्धन कार्यक्रम | संख्या | ३० | प्रति इकाइ १ लाख | " |
| ३ | मझौला कृषक लक्षित गाइभैंसि प्रवर्द्धन कार्यक्रम | संख्या | ८ | प्रति इकाइ ४ लाख | " |
| ४ | बाख्रा मिशन कार्यक्रम सन्चालन | संख्या | २ | प्रति इकाइ २५ लाख | पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार |
| ५ | माछा मिशन कार्यक्रम- मत्स्य पोखरि क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | २ | प्रति हेक्टर ५ लाख | " |
| | पुरानो मत्स्य पोखरि मर्मत तथा सम्भार | | २ | प्रति हेक्टर २ लाख | " |
| ६ | पशुपन्छिको अनुवंशिकि संरक्षण तथा श्रोत विकास कार्यक्रम- | | | | |
| | सम्बृद्धिका लागि पाडि वितरण कार्यक्रम-४ स्थानमा २५/२५ वटाको दरले | संख्या/स्थान | १०० | प्रति स्थान - ७३७५००.० | अति विपन्न कृषक लक्षित कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार |
| ७ | जैविक सुरक्षा तथा फार्म सुदृढिकरण कार्यक्रम | | | | |
| | जैविक सुरक्षा सहितको खोर/गोठ निर्माण सुधार- गाइ भैंसि बाख्रा बंगुर अन्य | संख्या | १५ | प्रति इकाइ २ लाख | पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार । |
| ८ | क्षेत्रफलको आधारमा घाँस उत्पादनमा प्रोत्साहन कार्यक्रम | हेक्टर | ३० | प्रति रोपनि १२५० | व्यवसायिक पशुपालन गरेका व्यवसायिक फार्म/ कृषक समुह/सहकारिमा आवद्ध कृषक । पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार । |
| ९ | कबुलियति बन जिविकोपार्जन कार्यक्रम | पटक | १ | प्रति समुह बढिमा १ लाख | विगत वर्षहरुमा गठन भै सकृय रुपमा काम गरेका कबुलियति बन समुह/समिति/सहकारीहरु प्रदेश पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार |
| १० | ५० प्रतिशत लागत साझेदारिमा बाख्रापालन पकेट क्षेत्र विकास कार्यक्रम, रोशि गाउपालिका काभ्रे | पटक | १ | १५ लाख | पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार । |
| ११ | सामुहकि बाख्रापालन कार्यक्रम (३० जना महिला समुह),रोशि गाउपालिका -११ काभ्रे | पटक | १ | १० लाख | " |
| १२ | सामुहिक बंगुरपालन कार्यक्रम,नमोबुद्ध नगरपालिका -३ र ४ काभ्रे | पटक | १ | १० लाख | " |

ख. आवश्यक कागजातहरु

१. सम्बन्धित व्यक्तिको नागरिगताको प्रतिलिपि ।
२. कृषक समुह/सहकारी निजि उद्यमि दर्ता र पान दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. कृषक समुह/समिति/सहकारी/साझेदारको हकमा बैठकको निर्णय प्रतिलिपि ।
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र।
६. सम्वन्धित स्थानिय तहको सिफारिश ।
७. पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८/ पाडीपालन कार्यक्रमको हकमा अति विपन्न कृषक लक्षित कार्यक्रम सन्चालन कार्यविधि २०७८/ माछा तथा बाख्रा मिशन कार्यक्रमको हकमा पशुपन्छि तथा मत्स्य मिशन कार्यक्रम सन्चालन कार्यविधि २०७८ मा उल्लेख भए अनुसार अनुसूचि बमोजिमको निवेदन पत्र कार्ययोजना तथा कार्यस्थान खुल्ने नक्सा ।
८. समुह/सहकारीले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरि कृषकको नाम र ठेगाना खुलाइएको पत्र ।
९. आवेदकले विगतका वर्षमा सोहि प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्वघोषणा पत्र ।
१०. कुनै वित्तिय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको स्वघोषणा पत्र। ११. वातावरणिय तथा सामाजिक सुरक्षा सम्वन्धि स्वघोषणा पत्र।

नोट: विस्तृत जानकारिको लागि तपसिल अनुसारका वैवसाइड मा हेर्न सकिनेछ।सूचना लागि कार्यालयको वैवसाइड **www.vhlseckavre.bagamati.gov.np** कार्यविधिको लागि- **www.molmac.bagamati.gov.np** वा **www.dolfd.bagamati.gov.np**



**Sanibheri Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Simli, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation for Electronic Bids**

**Invitation for Bidsfor the Construction of Sahid Smirti Building**
**First published Date: 2078-07-14 B.S.**

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following Works under National Competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Estimated Amount(without VAT and Contingencies) | Bidding Document Cost, NRs. | Bid Security, NRs | Remarks |
|---|---|---|---|---|---|
| **01/WORKS/ NCB/ SRM/078/079** | **Construction of Sahid Smirti Building Sanibheri Rural Municipality -7 Rukum (West)** | **63,86,609.46** | **3000.00** | **186000** | |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP system www.bolpatra.gov.np/egp
3. Electronic Bidding Document is available online and can be downloded on or before 12:00 PM on 31st day from the date of publication. Documents received after this deadline shall not be accepted on 31st day from the date of publication.
4. The Bidder shall be required to deposit the non-refundable fee of NRs. 3,000 in the Internal Revenue Account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
Information to deposit the cost of Bidding Document in Bank:
Name of Bank: Sunrise Bank, Sanibheri Branch, Rukum (West)
Name of office: Sanibheri Rural Municipality , Rukum (West)
Rajaswa (Internal Revenue) Account No: **0770530787703009**
5. Bidder Shall submit the electronic bid through website https://www.bolpatra.gov.np/egp on or before 12:00 PM on or before 31st day from the date of publication as specified in the Instructions to Bidders. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of Bidders' representatives who choose to attend at the address above at 13:00 PM on 31st day from the date of publication .
6.. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure for the bid amount must be clear. If any discrepancy may occur, then the figure written in word is valid.
7. Bids must be valid for a period of ***120 days*** counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at **(Dharauti Account No. 0770530787703004) on behalf of** of Sanibheri Rural Municipality, ***Rukum (West)*** at Sunrise Bank Limited, Sanibheri Branch, Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be ***valid for minimum 30 days*** beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
10. Sanibheri Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

Bhupal Sin Bista
Chief Administrative Officer

# बक्स अफिस समाचार

# ‘कलाकर्मीलाई प्रोत्साहन गर्ने वातावरण बनाउन जरुरी’

नेपाली हास्यव्यंग्य कला क्षेत्रमा उत्तम केसीको आफ्नै पहिचान छ । दुई दशक बढीको कला यात्रामा उनले दर्जनौं टेली चलचित्र र झण्डै दुई सय बढी चलचित्रमा आफ्नो अभिनय कौशलता पस्किसकेका छन् । चलचित्र समाजको दर्पण हो जसले समाजलाई जस्ताको त्यस्तै चित्रण गरेको हुन्छ । चलचित्रमा समाज बोलेको हुन्छ, मौलिकता झल्केको हुन्छ, समाजका विकृति, विसंगति, पीडा अनि व्यथासँगै समाधान पनि खोजिएको हुन्छ । त्यसरी नै एउटा कलाकार जसले त्यही समाजको प्रतिनिधत्व गरेको हुन्छ, प्रतिनिधि पात्रको रुपमा । ‘पुकार’ नामक चलचित्रबाट अभिनय यात्रा थालेका केसीले हालै प्रदर्शनमा आएको ‘डाँडा पारिको वरपिपल’सम्म आइपुग्दा पनि अभिनयबाट थाकेका छैनन् । मोहनी, चण्डाल, आफन्त, आफ्नो मान्छे, धर्म, बादलपारी, आन्दोलन, ईश्वर, सगुन, भाग्य बिधाता, लडाई, भाईभाई, मैदान, नाई नभन्नु ल, छक्का पन्जा, घिन्ताङ लगायतका चललचित्रमा अभिनय गरिसकेका छन् । चलचित्र ‘सिमाना’ र ‘लोग्ने मान्छे’का निर्माता समेत रहेका केसी कलाकार संघको सचिव र चलचित्र विकास बोर्डको सदस्य जस्तो जिम्मेवारी पदमा रहेर कार्य सम्पादन गरिसकेका छन् । राष्ट्रिय भावका गीति लेखन र भिडियो निर्माणमा समेत पछिल्लो समय आफुलाई सक्रिय बनाउँदै आइरहेका चर्चित हास्यकलाकार **उत्तम केसी**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानी:


**उत्तम केसी**, हाँस्य कलाकार

### पछिल्लो समय केमा ब्यस्त हुनुहुन्छ ?

हाल टेलिसिरियल कलेज नेपालको, आजकलको लव, साथ सधैको, खै के खै के, भाग्य नारीकोमा व्यस्त छु भने तिहार पछि मैले निर्माण गरेको ‘जे होला होला’ सिजन २ निर्माण गर्दै छु र चलचित्र ‘जन्ति बख्रो’ निर्माणको तयारी गर्दै छु ।

### अभिनय यात्राको प्रारम्भ कहिलेबाट भयो ?

अभिनयको लत सानै देखिकै भन्नु पर्छ, स्कुल जीवनदेखि गाउँ घरमा हुने सांस्कृतिक कार्यक्रममा त्यतिबेला राजाको जन्महोत्सव, संविधान दिवस, दशैंतिहारमा बारीको पाटोमा रंगमञ्च बनाएर नाटक गरिन्थ्यो, त्यहीँबाट यात्रा शुरु भयो । प्रकाश विक्रम थापाको ‘मुटुमा रोपिएको काँडा’ बाट शुरु गरियो भने राष्ट्रिय नाचघरमा श्रृजना समुहबाट २०३८ सालमा मनोहरी खड्काको निर्देशन रहेको हास्यनाटकबाट अभिनय यात्राले फड्को मार्‍यो ।

### कलाकारिता के हो ?

समाजमा भएका सत्य तथ्य घट्नाहरुलाई निर्देशकको कल्पनालाई यथार्तरुपमा प्रस्तुत गर्ने कलालाई कलाकारिता भन्ने गरिन्छ । सायद त्यसैले कलाकारले कहिले हसाउँछ, कहिले रुवाउँछ, भावुक बनाउँछ अनि हसाइँ र रुवाईसँगै सामाजिक चेतना फैलाउने काम पनि गर्छ । त्यसैले त ऊ कलाकार हो ।

### तपाईंलाई आफुले अभिनय गरेको नाटकको नाम याद छ ?

एउटा, दुई वटा भए पो सम्झनु । मैले अभिनय गरेको मध्ये केही पुरानाको अझै सम्झना छ । जस्तै समाज, भुमरीभित्र, चक्रव्युह, मुटुको व्याथा, मसान, क्या फसाद, जननी अलाछिन, जिउँदो शहीद, मुटुमा रोपिएको काँडा, दाइजो, कान्छा-कान्छी, देशदेखि विदेशसम्म आदि ।

### निर्देशन पनि गर्नुभयो कि ?

मैले भुमरीभित्र, सहारा, गोलमाल, कलाकार, समाचार लगायत थुप्रै नाटकहरू निर्देशन गरेको छु । राष्ट्रिय नाचघरमा हरेक दिन एक शोमात्र नाटक देखाइन्थ्यो । ‘देशदेखि विदेशसम्म’ लाई दर्शकहरूले अति रुचाएपछि हामीले दुई शोसमेत देखाउने थालनीको शुरुवात गर्‍यौं । त्यतिबेला नाटकको छुट्टै क्रेज थियो । अहिले इन्टरनेट, फेशबुक आदिले गर्दा होला नाटकको दर्शक कम भएजस्तो लाग्छ ।

### कस्तो चलचित्र बढी रूचाउँछन् नेपाली दर्शकले ?

आ-आफ्नो रुचीको कुरा हो, कसैलाई एक्शन मनपर्छ भने कसैलाई रोमान्टिक । तर जे जस्तो भएपनि नेपाली दर्शकले राम्रो चलचित्र नै बढी रुचाउँछन् । जस्तै वास्तविक कुरालाई उठान गरेको कथा त्यस कथा भित्रको पात्र जो पहिलैबाट चर्चित छन् । निर्देशकको नाम र उसले गरेको अगाडिको काम हेरेर दर्शकले अनुमान लगाउँछन् पक्कै पनि यो सिनेमा राम्रो बनेको हुनुपर्छ, त्यस्तै सिनेमा दर्शकले बढी मन पराएको पाइन्छ ।

### हाम्रो समाज उदार बन्दै गएको हो ?

समय परिवर्तनशील छ । विगतमा चलचित्र हेर्न हलमा नै गएपछिमात्र सम्भव हुन्थ्यो । अहिले हात हातमा मनोरञ्जनका गतिविधि हेर्ने सुविधा छ । देश विदेशको खबर, जानकारी मिनेटभित्र विश्वभरी फैलिन्छ, संसार भरिको जानकारी एकै ठाउँमा बसेर लिन सकिन्छ भने नेपाली समाज यतिको खुला र उदार हुनु स्वभाविक नै हो जस्तो लाग्छ ।

### दर्जनौं सिरियलमा काम गर्नुभयो, उचाई कुनले दिलायो ?

पुरानो कुरा गर्नुपर्दा चेतना, थोरै भए पुगेसरी र जीवनचक्रको नाम छुटाउन मिल्दैन । पछिल्लो समयमा नेपाल टेलिभिजनबाट प्रशासरण हुने ‘ तीतो सत्य’ र कान्तिपुर टेलिभिजनबाट प्रशारण हुने ‘घरबेटी बा’ भुल्न मिल्दैन । ‘तीतो सत्य’ मा पण्डित, ज्यापु हुँदै नेताको भूमिकामा अभिनय गरेकोले होला आफूलाई दर्शकमाझ अलि बढी उचाई मिलेको हो कि जस्तो लाग्छ । यसमध्ये हास्य कालाकारितामा दर्शकहरू माझ चिनाउने भूमिका भनेको लय संग्रौलाको निर्देशनमा बनेको ‘जीवनचक्र’ जसमा मैले ‘चुइँचुइँ... पारेर’ भन्ने थेगो प्रयोग गरेको थिएँ । जसले मलाई अर्को उपनाम दिलायो ‘चुइँचुइँ.. पारेर’ भन्ने ।

### कतिको सन्तुष्ट हुनुहुन्छ ?

कला क्षेत्रबाट नै यो नाम, यो प्रतिष्ठा मिलेको छ भने सन्तुष्ट नहुने त कुरै भएन नि ।

### तपाई निर्माणमा संलग्न भएको चलचित्रहरू ?

शुरुमा ‘मनमनै मन पराएँ’ निर्माण गरे त्यसपछि सिमाना, चिनारी र लोग्ने मान्छे निर्माण गरें ।

### लेखनमा पनि रूची हो तपाईंको ?

लेखनमा रुची भएपनि दिनहुँ जसो हुने सुटिङमा ब्यस्त हुनुपर्दा लेखनलाई त्यति समय दिन सकिएन । जेजति लेखे कागजमा सीमित रहन गयो भने अहिले केही गीतको रेकर्डिङ भएको छ । केही समय पहिले एउटा राष्ट्रिय गीत सार्वजनिक भएको थियो जसबाट राम्रै प्रतिक्रिया पाएँ भने यतिबेला दुई वटा गीत ‘मकै हाल्ने हाँडीमा भुट्ने कप्टेरो...’ र ‘जसले जे जे भने पनि तिमी मेरो आमा...’ मेरो आफ्नै च्यानबाट सार्वजनिक गरेको छु ।

### अन्त्यमा के भन्नु हुन्छ ?

नेपाली कला संस्कृतिलाई चिनाई आफ्नो पहिचान स्थापित गर्दै आएका सबै कलाकर्मीहरुलाई प्रोत्सान गर्नुपर्ने वातावरण तयार गर्न सरकारी तहबाटै हेरिनु पर्छ र सीमित स्रोत साधनको बावजुद पनि बनेका नेपाली चलचित्र हेर्न सबैलाई अनुरोध गर्दै आगामी यात्राका लागि सुझावको अपेक्षा राख्दछु ।


## साउदीमा रोजगार | कम्पनी: BRILLIANT GOLD COMPANY LIMITED
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०१/०६ चलानी नं.: ६०१५७६०८ LT. No.: 239383 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 76 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कातिक २२ गते (8 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

